श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

पञ्चायतका वर्गीय संगठनहरूको स्थापना, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न र पञ्चायतको कुनै निकायको सदस्य हुन कुनै वर्गीय संगठनको सदस्य हुनु पर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपालको संविधानको धारा ६७ क. अनुसार पञ्चायतका वर्गीय संगठनहरूको गठन, काम, कर्तव्य र अधिकार र पञ्चायतको कुनै निकायको सदस्य हुन तथा कायम रहन अनिवार्य रूपले कुनै एक वर्गीय संगठनको सक्रिय सदस्य हुनुपर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ: (१) यस ऐनको नाम "वर्गीय संगठन ऐन, २०३६" रहेको छ ।

388

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐनको दफा १ तुरुन्त र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "किसान" भन्नाले आफ्नो शारीरिक श्रमले खेती गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "मजदूर" भन्नाले कुनै उद्योग, मील, कारखाना वा यातायातको साधन वा तत्सम्बन्धी कार्यालयमा आफ्नो शारीरिक श्रमले कुनै मजूरी वा पारिश्रमिक लिई काम गर्ने व्यक्ति सम्झनुपर्छ र यो शब्दले मजूरी लिई मालसामान बोकेर परिवहन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ग) "भूतपूर्व सैनिक" भन्नाले शाही नेपाली सेना, काली दल, छ्यास कम्पनी, शार्दुलजङ्ग, समरजङ्ग, रण शार्दुल लगायत सबै मिलिसिया वा अन्य राष्ट्रको सैनिक सेवामा कम्तीमा एक वर्ष काम गरी अवकाश पाएका, राजीनामा गरेका वा खारेजीमा परेका व्यक्ति सम्झनुपर्छ ।

(घ) "संगठन" भन्नाले दफा ३ अनुसार स्थापना भएको वर्गीय संगठन सम्झनुपर्छ ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद – २

### संगठनको स्थापना

३. संगठनको स्थापना: देहायबमोजिमको संगठनहरूको स्थापना हुनेछ र ती संगठनहरूको चिह्न र झण्डा तोकिएबमोजिम हुनेछ:–

(क) नेपाल किसान संगठन,

(ख) नेपाल युवक संगठन,

(ग) नेपाल महिला संगठन,

(घ) नेपाल प्रौढ संगठन,

(ङ) नेपाल मजदूर संगठन,

(च) नेपाल भूतपूर्व सैनिक संगठन ।

४. संगठनका उद्देश्यहरू: संगठनका उद्देश्यहरू देहायबमोजिमका हुनेछन्:–

(क) आ-आफ्नो वर्गलाई देश र नरेशप्रतिको आफ्नो उत्तरदायित्व र कर्तव्यप्रति जागरूक राखी उनीहरूको शक्तिलाई संगठित गरी राष्ट्रिय निर्माणमा लगाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) स्थानीय पञ्चायतद्वारा निर्धारित कार्यक्रमको सफल कार्यान्वयनको लागि जन-परिचालन गर्ने,

(ग) दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली र वर्ग सामन्जस्य तथा सहयोगको सिद्धान्तलाई सुदृढ तुल्याउन आ-आफ्नो वर्गलाई प्रयत्नशील गराउने,

(घ) आ-आफ्नो वर्गको सामूहिक शक्तिलाई अरू संगठनहरूसँग कार्यक्रमको आधारमा समन्वय र सामन्जस्य ल्याउने,

(ङ) आ-आफ्नो वर्गको सर्वतोमुखी हित र विकासको लागि काम गर्ने ।

५. सदस्यता: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही, देहायका व्यक्ति देहायका संगठनको सक्रिय सदस्य हुन सक्नेछन्:–

(क) एक्काईस वर्ष उमेर पुगेको किसान, नेपाल किसान संगठनको,

(ख) एक्काईस वर्ष पूरा भै चालीस वर्ष ननाघेको युवक वा युवती, नेपाल युवक संगठनको,

(ग) एक्काईस वर्ष उमेर पुगेकी महिला, नेपाल महिला संगठनको,

(घ) चालीस वर्ष नाघेको व्यक्ति, नेपाल प्रौढ संगठनको,

(ङ) एक्काईस वर्ष उमेर पुगेको मजदूर, नेपाल मजदूर संगठनको, र

(च) एक्काईस वर्ष उमेर पुगेको भूतपूर्व सैनिक, नेपाल भूतपूर्व सैनिक संगठनको ।

६. अयोग्यता: देहायबमोजिमको अयोग्यता भएको कुनै व्यक्ति कुनै संगठनको कुनै तहको सदस्य हुन वा रहन सक्ने छैन:–

(क) गैर-नेपाली नागरिक,

(ख) मगज बिग्रेको,

(ग) निर्वाचनसम्बन्धी अपराधमा कुनै अदालतबाट एक महीनाभन्दा बढी कैदको सजाय भई त्यस्तो सजाय भोगी सकेको मितिले एक वर्षको अवधि ननाघेको,

(घ) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सो बापत छ महीना भन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भोगी सकेको मितिले पाँच वर्षको अवधि ननाघेको ।

७. पदावधि: प्रत्येक संगठनको परिषद् र कार्य समितिको सदस्यको पदावधि तोकिएबमोजिम हुनेछ ।

८. परिषद् र कार्य समितिको सदस्यता कायम नरहने अवस्था: संगठनको प्रत्येक तहको परिषद् र कार्य समितिको सदस्यता तोकिएको अवस्थामा कायम रहने छैन ।

354

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. बढी संगठनको कार्य समितिको सदस्य हुन नसक्ने: कुनै व्यक्ति एकभन्दा बढी संगठनको कार्य समितिको सदस्य हुन सक्ने छैन ।

## परिच्छेद–३

## संगठनको गठन, काम, कर्तव्य र अधिकार

१०. प्रारम्भिक परिषद्: नगर पञ्चायत क्षेत्रमा भएका वडाहरूलाई बढीमा नौ वडासम्मको एक क्षेत्र र सम्पूर्ण गाउँ पञ्चायत क्षेत्रलाई एक क्षेत्र कायम गरी प्रत्येक क्षेत्रमा तोकिएबमोजिम संगठनको प्रारम्भिक परिषद् गठन हुन सक्नेछ ।

११. प्रारम्भिक कार्य समिति: संगठनको प्रारम्भिक परिषद् गठन भएको प्रत्येक क्षेत्रमा तोकिए-बमोजिम संगठनको प्रारम्भिक कार्य समिति गठन हुनेछ ।

१२. जिल्ला परिषद् र कार्य समिति: (१) प्रत्येक जिल्लामा संगठनको जिल्ला परिषद् र जिल्ला कार्य समिति गठन हुन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठन भएको जिल्ला परिषद् र जिल्ला कार्य समितिमा तोकिएबमोजिमका सदस्यहरू रहनेछन् ।

१३. अञ्चल परिषद् र कार्य समिति: (१) प्रत्येक अञ्चलमा संगठनको अञ्चल परिषद् र अञ्चल कार्य समिति रहनेछन् ।

(२) उप-दफा (१) बमोजिम गठन भएको अञ्चल परिषद् र अञ्चल कार्य समितिमा तोकिएबमोजिमका सदस्यहरू रहनेछन् ।

१४. केन्द्रीय परिषद् र कार्य समिति: (१) प्रत्येक संगठनको केन्द्रीय परिषद् र केन्द्रीय कार्य समिति हुनेछन् ।

(२) उप-दफा (१) बमोजिम गठन भएका केन्द्रीय परिषद् र केन्द्रीय कार्य समितिमा तोकिएबमोजिमका सदस्यहरू रहनेछन् ।

१५. संगठनको काम, कर्तव्य र अधिकार: संगठनको प्रत्येक तहको परिषद् र कार्य समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१६. पञ्चायतको पदेन सदस्य हुने: (१) प्रारम्भिक कार्य समितिको सभापति तोकिएबमोजिम सम्बन्धित गाउँ वा नगर पञ्चायतको पदेन सदस्य हुनेछ ।

(२) जिल्ला कार्य समितिको सभापति तोकिएबमोजिम सम्बन्धित जिल्ला पञ्चायतको पदेन सदस्य हुनेछ ।

356

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४
## विविध

१७. पञ्चायतको सदस्य हुन संगठनको सदस्य हुनु पर्नेः कुनै व्यक्ति पञ्चायतको कुनै पनि तहको निकायको सदस्य पदमा निर्वाचित हुन र कायम रहन कुनै एक संगठनको सक्रिय सदस्यता प्राप्त गर्नु अनिवार्य हुनेछ ।

१८. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१९. विनियम बनाउने अधिकारः संगठनले आफ्नो कार्य संचालन गर्न श्री ५ को सरकारको स्वीकृति लिई विनियमहरू बनाउन सक्नेछ ।

२०. निर्देशन दिने अधिकारः श्री ५ को सरकारले संगठनलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु संगठनको कर्तव्य हुनेछ ।

२१. बाधा अडकाउ फुकाउनेः यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्ता बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

२२. खारेजीः देहायका ऐनहरू खारेज गरिएका छन्ः–

(क) वर्गीय संगठन ऐन, २०३३
(ख) नेपाल किसान संगठन ऐन, २०२५
(ग) नेपाल युवक संगठन ऐन, २०२५
(घ) नेपाल महिला संगठन ऐन, २०२५
(ङ) नेपाल भूतपूर्व सैनिक संगठन ऐन, २०२५, र
(च) नेपाल मजदूर संगठन ऐन, २०२५

लालमोहर सदर मितिः– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) (दोस्रो संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ३ मा संशोधन: राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. उम्मेदवार नेपालको संविधानको धारा ३५ को अधीनमा रही राष्ट्रिय पञ्चायतको सदस्यताको लागि सम्बन्धित जिल्लाको गाउँ पञ्चायत, नगर पञ्चायत वा जिल्ला पञ्चायतको सदस्य भएको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

स्पष्टीकरण : "सदस्य" भन्नाले गाउँ वा नगर पञ्चायतको हकमा प्रधानपञ्च तथा उप-प्रधानपञ्च र जिल्ला पञ्चायतको हकमा सभापति तथा उप-सभापति समेतलाई जनाउनेछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:–

"४. मतदाता : सम्बन्धित जिल्लाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो जिल्लामा गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१६ को दफा २ को खण्ड (क४) बमोजिम बसोबास गरेका नेपाली नागरिकहरू मतदाता हुनेछन् ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उप-दफा (१) को खण्ड (झ) झिकिएको छ ।

५. मूल ऐनको दफा ६ मा संशोधन : (१) मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ:–

"(२) उप-दफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा सम्बन्धित जिल्लाका पचासजना प्रस्तावकहरू र पचासजना समर्थकहरू गरी जम्मा एकसयजना मतदाताहरूको सही गराएको हुनु पर्नेछ ।"

(२) उप-दफा (३) पछि देहायको उप-दफा (४) थपिएको छ:–

"(४) राष्ट्रिय पञ्चायतको उम्मेदवार हुने व्यक्तिले यस दफाबमोजिम दरखास्त दिंदा पाँचसय रूपैयाँ धरौट राख्नु पर्नेछ ।"

६. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ:–

"१७. मतदानको तरीका : मतदानको तरीका तोकिएबमोजिम हुनेछ ।"

७. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ मा रहेको "साधारणतया त्यसको भोलिपल्टै" भन्ने शब्दहरूको सट्टा "यथाशीघ्र" भन्ने शब्द राखिएको छ ।

८. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ:–

"२६. मतपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मतपत्रहरू बदर हुनेछन्:–

(क) मतदान अधिकृतको सही वा छाप नभएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मतदान अधिकृतले सम्बन्धित पञ्चायतका लागि प्रयोग गरेको संकेत नभएको,

(ग) मतपेटिका बाहिर रहेको,

(घ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(ङ) सम्बन्धित मतपेटिकामा नखसेको, र

(च) जाली मतपत्र ।

९. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उप-दफा (३) पछि देहायको उप-दफा (४) राखिएको छः–

"(४) निर्वाचनमा विजयी उम्मेदवारले पाएको जम्मा मतको दश प्रतिशत भन्दा कम मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।"

लालमोहर सदर मितिः– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।